## डेन्टल क्लिनिकमा गम्भीर अनियमितता

# बोर्डमा चिकित्सकको नाम, गैरचिकित्सकबाट उपचार




■ सुदीप राउत

सिरहा । जिल्लाको लहानस्थित विभिन्न डेन्टल क्लिनिकहरूमा नेपाल मेडिकल काउन्सिलले बुधबार आकस्मिक स्थलगत अनुगमन गर्दा गैरचिकित्सकबाट उपचार भइरहेको गम्भीर तथ्य फेला परेको छ । नेपाल मेडिकल काउन्सिल अन्तर्गतको व्यावसायिक आचरण तथा स्वास्थ्य समितिका संयोजक डा.अजयकुमार साहको नेतृत्वमा खटिएको टोलीले लहान-३ स्थित अस्पताल चोक क्षेत्रमा सञ्चालित केही डेन्टल क्लिनिकहरूको निरीक्षण गरेको हो ।

अनुगमनका क्रममा हिमाल डेन्टल क्लिनिक, राधाकृष्ण डेन्टल क्लिनिक तथा वेस्ट राधा डेन्टल क्लिनिकमा सम्बन्धित विषयको योग्यता प्राप्त विशेषज्ञ चिकित्सकबिना नै उपचार सेवा सञ्चालन भइरहेको पाइएको काउन्सिलले जनाएको छ । ती क्लिनिकहरूमा केवल करिब साढे २ वर्ष 'डेन्टल हाइजेनिस्ट' अध्ययन गरेका जनशक्तिको भरमा बिरामीको उपचार भइरहेको भेटिएको छ । काउन्सिलका अनुसार केही सञ्चालकहरूले अन्य चिकित्सकको नाम बोर्डमा राखेरभित्र आफूखुसी उपचार गर्ने, चिकित्सकको कृत्य हस्ताक्षर गर्ने तथा प्रचलित स्वास्थ्य ऐन, नियमावली र मापदण्डविपरीत क्लिनिक सञ्चालन भइरहेकोसमेत पाइएको छ ।

अनुगमन टोली पुग्ने सूचना पाएपछि सगरमाथा डेन्टल क्लिनिकका सञ्चालक भने क्लिनिक बन्द गरेर फरार भएको थियो । अनुगमन टोलीका संयोजक डा.अजयकुमार साहले बिनायोग्य चिकित्सक क्लिनिक सञ्चालन गर्नु गम्भीर कानुनी उल्लंघन भएको बताए । उनले भने, 'योग्य चिकित्सकबिना डेन्टल क्लिनिक सञ्चालन गर्नु कानुनविपरीत मात्र होइन, यसले सर्वसाधारणको स्वास्थ्य र ज्यानमाथि प्रत्यक्ष जोखिम निम्त्याउँछ ।

प्राप्त उजुरीका आधारमा हामीले स्थलगत अनुगमन गरी यस्ता अवैध क्लिनिकहरूको पहिचान गरेका छौँ र दोषीमाथि प्रचलित कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइनेछ ।' अनुगमन टोलीमा डा.साहसहित विज्ञका रूपमा डा.राजीव शर्मा र डा.सुमन कर्ण सहभागी भएका थिए । काउन्सिलले आगामी दिनमा पनि विभिन्न स्थानमा यस्ता अनुगमनलाई निरन्तरता दिने जनाएको छ ।

## कानुन व्यवसायीको फर्ममा बम विस्फोट, १ जना घाइते

■ सौर्य समाचार

काठमाडौँ । सिरहा सदरमुकामस्थित जिल्ला अदालत अगाडि रहेको 'मधेस ल फर्म'मा बुधबार बम विस्फोट भएको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रमेशबहादुर पालका अनुसार अपरान्ह करिब ४:१५ बजे भएको विस्फोटमा १ जना घाइते भएका छन् । बारको कार्यालय भवनको सटर भाडामा लिएर अधिवक्ता मधुसुदनप्रसाद यादवले सञ्चालन गर्दै आएको फर्ममा विस्फोट भएको प्रहरीले जनाएको छ । विस्फोटमा फर्ममा काम गर्ने सहयोगी सौरव यादवको हातको औँला र खुट्टामा सामान्य चोट लागेको छ । उनलाई उपचारका लागि प्रादेशिक अस्पताल लगिएको प्रहरीले जनाएको छ । विस्फोट सुतली बम हो वा अन्य प्रकारको भन्ने अझै यकिन भइसकेको छैन । प्रहरी नायब उपरीक्षक पालका अनुसार विस्फोट भएको सटर वरपर र कोठाभित्र कुनै पर्चा-पम्प्लेट फेला परेको छैन । घटनापछि केही समय त्रासको अवस्था सिर्जना भए पनि पछि अवस्था सामान्य बनेको प्रहरीले जनाएको छ ।

### घटनाप्रति बारको भर्त्सना

यसैबीच, नेपाल बार एसोसिएसनले सिरहा जिल्ला अदालत बार एसोसिएसन अगाडि अधिवक्ता मधुसुदन यादवको ल फर्ममा बम विस्फोट भएको घटनाप्रति घोर भर्त्सना गरेको छ । बारका महासचिव केदारप्रसाद कोइरालाले भने, 'बार सो घटनाप्रति घोर भर्त्सना गर्दछ, घटनाको छानबिन गरी, दोषीउपर कारबाही गर्न र ल फर्ममा भएको क्षतिपूर्ति दिन सरकारसँग माग गर्दछ ।'

## कोरिया पठाउने बहानामा ठगी गरेको आरोप

खोटाङ । गोरखा जिल्लाको गोरखा नगरपालिका-७ का सुजन उपरकोटीले कोरिया पठाउने बहानामा खोटाङकी अनुषा तामाङलाई १ लाख रुपैयाँ ठगी गरेको आरोप लागेको छ । धार्मिक सेमिनारका लागि भिजिट भिसा (भ्रमण प्रवेशाज्ञा)मा कोरिया पठाउने बहनामा सुजनले केपिलासगढी गाउँपालिका-४ बाक्सिला पुख्र्यौली थलो भई हाल धरान उपमहानगरपालिका-१५ बस्दै आएकी तामाङलाई ठगी गरेको आरोप लागेको हो । तामाङले कोरिया पठाइदिने भन्दै गत साउनमा बैंकिङ कारोबारमार्फत १ लाख रुपैयाँ दिएको उपरकोटीले बताए ।हाल काठमाडौँ मनमैजु बस्दै आएका सुजनले भिजिट भिषामा महिना दिनभित्र कोरिया पठाउने भन्दै पैसा मागेको तर, कोरिया नपठाएको तथा पैसा पनि फिर्ता नदिएको तामाङको आरोप छ । पैसा फिर्ता माग्दा 'दिन्छु-दिन्छु' भन्दै झुलाउने गरेको अनुषाका बुबा पहलमान तामाङले बताए । पैसा फिर्ता नदिएमा कानुनी उपचार खोज्ने पीडित तामाङ परिवारले जनाएको छ । (सौस)

**कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८२/११/२८ गते सौर्य दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ चैत ०५ गते विहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**छबिसपाथिभेरा**

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| १. **बिनोद रावल**<br>ना.प्र.नं.- ७११०२१/२५,<br>जारी मिति - २०६४/०५/०६, जि.प्र.का. बझाङ्ग<br>बाबु - दर्शन मण्डेल<br>बाजे - बाकु मण्डेल<br>स्थायी ठेगाना- बझाङ्ग जिल्ला, छबिसपाथिभेरा गाँउपालिका वडा नं. ०२ (साविक कडेल गा.बि.स. वडा नं. ०८)<br>हालको ठेगाना-ऐ.ऐ | १. **गोला देवी मण्डेल**को नाममा मालपोत कार्यालय बझाङ्ग दर्ता कायम रहेको बझाङ्ग जिल्ला, कडेल गा.वि.स./न.पा. वडा नं. ०८ स्थित कित्ता नं. १४१८ र १४२६ को क्षे.फ. क्रमश ४८४५ र १४६९० (व.मी.) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु । |

**व्यक्तिगत जमानकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **दर्शन मण्डेल**<br>ना.प्र.नं.- ६०२८<br>जारी मिति - २०४९/०२/३१, जि.प्र.का. बझाङ्ग<br>बाबु - बाकु मण्डेल<br>बाजे - रबी मण्डेल<br>स्थायी ठेगाना- बझाङ्ग जिल्ला, कडेल गा.बि.स., वडा न.०८<br>हालको ठेगाना- बझाङ्ग जिल्ला, छबिसपाथिभेरा गा.पा., वडा न.०२<br>२. **गोला देवी मण्डेल**<br>ना.प्र.नं.- ७४५९<br>जारी मिति - २०५३/०६/०६, जि.प्र.का. बझाङ्ग<br>बाबु - कुलभान रोकाया<br>बाजे - अतित रोकाया<br>स्थायी ठेगाना- बझाङ्ग जिल्ला, कडेल गा.बि.स., वडा न.०८<br>हालको ठेगाना- बझाङ्ग जिल्ला, छबिसपाथिभेरा गा.पा., वडा न.०२ | ३. **बिमोद रावल**<br>ना.प्र.नं.- ७११०२१/१०३<br>जारी मिति - २०६५/०६/१२, जि.प्र.का. बझाङ्ग<br>बाबु - दर्शन मण्डेल<br>बाजे - बाकु मण्डेल<br>स्थायी ठेगाना- बझाङ्ग जिल्ला, कडेल गा.बि.स., वडा न.०८<br>हालको ठेगाना- बझाङ्ग जिल्ला, छबिसपाथिभेरा गा.पा., वडा न.०२<br>४. **अक्कल बहादुर मण्डेल**<br>ना.प्र.नं.- ७११०२१/६०९<br>जारी मिति - २०६९/०८/०३, जि.प्र.का. बझाङ्ग<br>बाबु - दर्शन मण्डेल<br>बाजे - बाकु मण्डेल<br>स्थायी ठेगाना- बझाङ्ग जिल्ला, कडेल गा.बि.स., वडा न.०८<br>हालको ठेगाना- बझाङ्ग जिल्ला, छबिसपाथिभेरा गा.पा., वडा न.०२ |

**चन्द्रपुर, रौतहट**

| ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| कम्पनी ऐन, २०६३ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रेजिष्ट्रारको कार्यालयमा मिति २०७५/११/१४ मा दर्ता नं. २०९६२८/०७५/०७६ दर्ता कायम भई रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४, स्थित रजिष्टर्ड कार्यालय रहेको **एपोलो ह्याचरी एण्ड पोल्ट्री ब्रिडिङ्ग फार्म प्रा. लि. ।**<br>**संचालक- राम बिनोद पाण्डेय बाहुन** | १. **राम बिनोद पाण्डेय बाहुन**को नाममा मालपोत कार्यालय, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ०७ (हाल: रौतहट जिल्ला, चन्द्रपुर न. पा. वडा नं. ०६) स्थित कित्ता नं. २२२२, २२२८ र २२२१ को क्षे.फ. क्रमश: ०-१-०, ०-१-२ र ०-१-२ (बि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात ।<br>२. **राम बिनोद पाण्डेय बाहुन**को नाममा मालपोत कार्यालय, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ०७ (हाल: रौतहट जिल्ला, वृन्दावन न. पा. वडा नं. ०६) स्थित कित्ता नं. ३१५६ को क्षे.फ. ०-१-१६ (बि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **राम बिनोद पाण्डेय बाहुन**<br>ना.प्र.नं.- १९४०<br>जारी मिति - २०४२/१२/०८ जि.प्र.का. रौतहट<br>बाबु - चण्देश्वर पाण्डेय बाहुन<br>बाजे - राम विलास पाण्डे<br>स्थायी ठेगाना- रौतहट जिल्ला, भलोहिया गा.वि.स. वडा नं. ०३<br>हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४<br>२. **अनिज पण्डेय**<br>ना.प्र.नं.- ३२१०१६/४५५६<br>जारी मिति - २०६७/०३/१२ जि.प्र.का. रौतहट<br>बाबु - राम बिनोद पाण्डेय बाहुन<br>बाजे - चण्देश्वर पाण्डेय बाहुन<br>स्थायी ठेगाना- रौतहट जिल्ला, भलोहिया गा.वि.स. वडा नं. ०३<br>हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४ | ३. **अस्मिता थापा**<br>ना.प्र.नं.- ३२२०८०/८०६<br>जारी मिति - २०६९/०३/१७ जि.प्र.का. रौतहट<br>बाबु - दिलिप थापा<br>बाजे - विष्णु बहादुर थापा<br>पति - अनिज पण्डेय<br>स्थायी ठेगाना- रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ०१<br>हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न. पा. वडा नं. ०४ |

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८२ चैत ०४ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ चैत ०५ गते ०३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८२ चैत ०५ गते विहीबार अपरान्ह ०३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

**कटारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कटारी, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति :- २०८२/११/२८**

यस कार्यालयद्वारा प्रकाशित मिति २०८२/१०/११ गतेको सूचना अनुसार तपसिलका निर्माण कार्यहरु सम्बन्धी बोलपत्रहरु आह्वान भएकोमा दर्ता हुन आएका बोलपत्रहरू मध्ये तल उल्लेख भएको बोलपत्रदाताहरु न्यून्तम मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनोट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैलाई जानकारीको लागि **७ (सात)** दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**छनोट भएका बोलपत्रदाताहरुको विवरण:-**

| सि.नं. | बोलपत्र नं. | कार्यहरुको विवरण | छनोट भएको बोलपत्रदाताहरुको नाम र ठेगाना | कबोल गरेको रकम रू. (पि.एस. र भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | KMUN/W/ NCB/19/082/83 | Construction of shree Ma.Vi. Limpatar School Building Katari-09 | PS Construction Triyuga Municipality-01,Udayapur | 60,63,448.63 |
| 2. | KMUN/W/ NCB/20/082/83 | Construction of Janamukhi Ma.Vi. School Building,Baseri,Katari-12 | Shaktikunda Nirman Sewa Pvt.Ltd. Triyuga Municipality-02,Gaighat Udayapur | 59,83,496.16 |
| 3. | KMUN/W/ NCB/21/082/83 | Construction of Chandrawati Ma.Vi. School Building Lekhani,Katari-14 | Shaktikunda Nirman Sewa Pvt.Ltd. Triyuga Municipality-02,Gaighat Udayapur | 61,91,022.13 |

**प्रमुख प्रशासकीय अधिकृत**

**Dudhauli Municipality**
**Office Of The Municipal Executive**
**Dudhauli, Sindhuli**
**Bagamati Province, Nepal**

**Invitation for E-Bids**

**First Date of publication: 2082/11/28**

1. Dudhauli Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the construction of following work under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Dudhauli Municipality, Office of the Municipal Executive, Dudhauli Municipality-9,Dudhauli, Sindhuli, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Bidding Details**

| S. N. | Contract identification and number | Description of works | Estimated Value(Without VAT, General Items and Contingencies) | Bid Security NRs. | Remarks |
|---|---|---|---|---|---|
| 1 | Ward10/NCB/ 07/2082/83 | Dudhauli prahari talim kendrama khanepani byabasthapan karya. | 21,13,345.00 | 62,500.00 | |
| 2 | Ward05/SQ/ 11/2082/83 | Construction of compound wall of ward 5 office. | 17,48,696.09 | 50,000.00 | Sealed Quotation |

*Chief Administrative Officer*